# दैनिक विपद् बुलेटिन

१८ पुष बिहान १०:०० बजेदेखि १९ पुष बिहान १०:०० बजेसम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १६ | १ | ० | ९ | रु १,२५,८७,२०० | ० | ८ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|
| जनावर आक्रमण | बर्दिया | थप बिवरणः- मिति २०७७।०९।१७ गते ठाकुरबाबा न.पा.- २ अर्मेनी आर्मी चेकपोष्ट देखि बर्दिया राष्ट्रिय निकुञ्ज अन्तर्गत पूर्व-पश्चिम राजमार्गमा मो.सा.मा जादै गर्दा बर्ष ५० की १ **महिलालाई** अचानक **बाघले आक्रमण गरि लगेकोमा** ठाकुरबाबा न.पा.२ राष्ट्रिय निकुञ्जको रोडको बाँया साईटमा निज महिलाको **लाश फेला परेको** | १ | ० | ई.प्र.का.बग्नाहाबाट प्र.नि.को कमाण्डमा ५ जना, नेपाली सेनाको टोली र निकुञ्जका कर्मचारी समेतको टोली परिचालन भएको । |
| | दाङ्ग | लमही न.पा.- १ सिंहेखोला जंगलमा दाउरा काट्न गएको अबस्थामा अचानक जंगली जनावर **बदेलले आक्रमण गरी ५ जना घाईते** । | ० | ५ | घाईतेहरुको लमही अस्पताल दाङमा उपचार भईरहेको । प्र.स.नि.को कमाण्डमा ५ जनाको टोली खटिई गएको |
| | चितवन | माडी न.पा.- २ नयाँपर्सा स्थित तरकारी बारीमा तरकारी टिप्न जाने क्रममा **जंगली भालुले आक्रमण** गर्दा वर्ष १८ का १ **किशोर घाईते** । | ० | १ | घाईतेलाई थप उपचारको लागि सरकारी अस्पताल भरतपुरमा पठाईएको । |
| आगलागी | मोरङ्ग | उर्लाबारी न.पा.- १ झारसाधी स्थित एक घरमा अचानक **आगलागी** हुँदा वर्ष ३५ की **१ महिला** र निजकी वर्ष १ की **छोरी सामान्य घाईते**, घर, अन्नपात जली **१ लाख ५० हजार रुपैया** बरावरको क्षति । | ० | २ | घाईतेहरुलाई उपचारको लागि मंगलबारे अस्पताल पठाईएको । स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | कास्की | माछापुच्छ्रे गा.पा.- १ छित्राङ गाउँ स्थित भान्सा कोठामा खाना पकाउने क्रममा अचानक बेहोस भई लडी शरिरमा **आगोले पोली** वर्ष ५१ की **१ महिला घाईते** । | ० | १ | घाईतेलाई उपचारको लागि पश्चिम क्षेत्रिय अस्पताल गण्डकीमा लगिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | मोरङ्ग | सुन्दरहरैचा न.पा.- ९ बुधबारे स्थित एक घरमा विद्युत सर्ट भई **आगलागी** हुँदा घर पूर्णरुपमा जलि सुन, चाँदी, नगद समेत गरी **६० लाख रुपैंया** बराबरको क्षति । | ० | ० | स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | मोरङ्ग | उर्लाबारी न.पा.- २ श्रीरुझार स्थित एक घरमा बिजुली सर्ट भई **आगलागी** हुँदा घर आंशिक क्षति भई अन्नपात, लत्ताकपडा, काठपात, नगद समेत गरी **१२ लाख रुपैंया** बराबरको क्षति। | ० | ० | अ.प्र.चौ. मंगलबारेबाट प्र.स.नि.को कमाण्डमा टोली खटिई गई स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | उदयपुर | चौदण्डीगढी न.पा.- ३ बरगाछी स्थित एक घरमा करेन्ट सर्ट भई **आगलागी** हुँदा घर, अन्नपात, लत्ताकपडा, भाडावर्तन जली ३० लाख र सोही आगो अर्को एक घरमा समेत सल्किई घर, घरभित्र रहेको सर-सामान जली १० लाख गरी जम्मा **४० लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ई.प्र.का.बेल्टारबाट टोली खटिई गई सशस्त्र प्रहरी बल, स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | सप्तरी | तिलाठी कोईलाडी गा.पा.- ५ बनरझुला टोल स्थित २ वटा घरमा अचानक **आगलागी** हुँदा घर, घरभित्र रहेको अन्नपात, लत्ताकपडा, काठपात जली **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | प्र.चौ. कोवर्साईनबाट प्र.स.नि.को कमाण्डको टोली, दमकल र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | सप्तरी | छिन्नमस्ता गा.पा.- ५ लोखरम स्थित एक घरमा अचानक **आगलागी** हुँदा अन्नपात, लत्ताकपडा, भाडार्वतन गरी **१ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | तनहुँ | भिमाद न.पा.- २ धरमपानी स्थित एक घरमा अचानक **आगलागी** हुँदा घर पूर्णरुपमा जली **४ लाख ३७ २ सय रुपैंया** बराबरको क्षति । | ० | ० | प्र.स.नि.को कमाण्डमा टोली खटिई गई स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | गुल्मी | रेसुङगा न.पा.- ५ खम्से पानी स्थित एक गोठमा भैंसीलाई कुडो पकाउने क्रममा अचानक **आगलागी** हुँदा १ वटा भैसीको पाडा र ७ वटा बाख्रा जलेर मृत्यु । | ० | ० | स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | सुनसरी | धरान उ.म.न.पा.- १० महेन्द्र कलेज अगाडि रहेको पानी फिल्टरको मेशिनमा अचानक बिधुत सर्ट भई **आगलागी** हुँदा फिल्टर मेशिन र अन्य फर्निचरका सामानहरु जली **३ लाख रुपैंया** बराबरको क्षति। | ० | ० | इ.प्र.का.धरानबाट टोली खटिई गई स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |

| | | | | | |
|---|---|---|---|---|---|
| | मकवानपुर | थाहा न.पा.- २ देउलागाउँ स्थित जंगलको भिरपाखामा अचानक **आगलागी** हुँदा नजिकैको एक घर टहरामा समेत आगो सल्किई घर पूर्णरुपमा क्षति भई **५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | कास्की | पोखरा म.न.पा.- १४ खसीबजार स्थित मकर फर्निचर तथा सोफा उद्योगको स्टोरमा **आगलागी** । क्षतिको बिवरण आउन बाँकि । | ० | ० | जि.प्र.का.बाट प्र.नि.को कमाण्डमा टोली खटिई गई स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | बाँके | नेपालगंज उ.म.न.पा.- २ बागेश्वरी टोल स्थित एक कपडा पसलमा करेण्ट सर्ट भई **आगलागी** । क्षतिको विवरण आउन बाँकि | ० | ० | जि.प्र.का.बाट प्र.स.नि.को कमाण्डको टोली, स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| **जम्मा संख्या** | | **१६** | **१** | **९** | |

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि [www.twitter.com/ndrrma](http://www.twitter.com/ndrrma) र [www.facebook.com/ndrrma/videos](http://www.facebook.com/ndrrma/videos) मा जानुहोस् ।**

| **२०७७ बैशाख १ देखि पुष १९ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटना** | **घटना संख्या** | **मृतक** | **वेपत्ता** | **घाईते** | **चौपाया** | **अनुमानित क्षति रु.** |
| **आगलागी** | १३७० | ३६ | ० | २३६ | ५९३ | १०५६०३४४१० |
| **चटयाङ्ग** | २१६ | ६५ | ० | २१३ | ६९६ | ५९४२५०० |
| **सर्पदंश** | ५६ | २१ | ० | ३९ | ० | ० |
| **जनावर आक्रमण** | १५६ | २२ | ० | १४० | ५ | ४४४९८५० |
| **बाढी** | ९७ | ४२ | ३७ | ११ | २७२ | ४८८११००० |
| **पहिरो** | ४८८ | ३०१ | ६४ | २२६ | ४३५ | ५०९६४९०० |
| **अविरल बर्षा** | ३६० | १५ | ० | ५६ | ५३९ | ६९९४०२०० |
| **हावाहुरी** | ७३ | ७ | ० | १६ | ७ | १३२२६५०० |
| **जम्मा** | **२८१६** | **५०९** | **१०१** | **९३७** | **२५४७** | **१,२४,९३,६९,३६०** |

**दैनिक वर्षा (Daily Precipitation) को सारांश:**

पुस १८ गते बिहान ०८:४५ बजे देखि पुस १९ गते ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०७७/०९/१९ गते बिहान ०८:४५ बजे १८९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ५६ र स्वचालित: १३३) मा मापन गरिएको वर्षाको विवरण अनुसार कैलाली जिल्लाको धनगढी केन्द्रमा फाटफुट वर्षा भएको छ भने बाँकी कुनै पनि केन्द्रमा वर्षा भएको छैन।

**दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को साराशः**




*नक्सा १: पुस १८ गते बिहान ०८:४५ बजे देखि पुस १९ गते ०८:४५ बजे सम्मको २४ घण्टाको न्युनतम तापक्रम (डिग्री सेल्सियस)*




*नक्सा २: पुस १७ गते साँझ ०५:४५ बजे देखि पुस १८ गते साँझ ०५:४५ सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)*

तालिका १: २०७७/०९/१९ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०७७/०९/१८ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| **तापक्रम (डि.से.)** | **न्युनतम तापक्रम (केन्द्र संख्या)** | **अधिकतम तापक्रम (केन्द्र संख्या)** |
|---|---|---|
| -१० देखि -५ | १ | x |
| -५ देखि ० | ४ | x |
| ० देखि ५ | १२ | x |
| ५ देखि १० | ४३ | १ |
| १० देखि १५ | १ | ३ |
| १५ देखि २० | x | २३ |
| २० देखि २५ | x | ३३ |
| २५ देखि ३० | x | ५ |
| जम्मा केन्द्र संख्या (वटा) | ६१ | ६५ |
| सबैभन्दा बढी/केन्द्र, जिल्ला | ११.० डि.से./नेपालगञ्ज, नेपालगञ्ज | २६.० डि.से./विराटनगर, ए.पो ,.मोरङ्ग |
| सबैभन्दा कम/केन्द्र, जिल्ला | -५.५ डि.से./जुम्ला ए.पो., जुम्ला | ५.६ डि.से./रारा, मुगु |

नोटः- डि. से. = डिग्री सेल्सियस
ए. पो. = एयरपोर्ट

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**